## मिति २०७७ /०३/१३ गते कार्यपालिका बैठकको निर्णय

**निर्णय नं. १ : -** विश्वमानै चुनौतिको रुपमा देखिएको कोभिड -१९ को संक्रमण न्यूनिकरण तथा नियन्त्रणका लागि देशमा भएको बन्दाबन्दिको समयमा र हाल सम्म तेस्रो मुलूक, भारत तथा देशका अन्य स्थानहरुबाट आउने व्यक्तिहरुका लागि यस टीकापुर नगरपालिका क्षेत्रभित्र विभिन्न वडामा रहेका १९ वटा शैक्षिक संस्थाहरुमा क्वारेन्टाईन संचालन तथा व्यवस्थापन मिलाईएकोमा हाल त्यसरी आउने व्यक्तिहरुको संख्यामा कमि आएको देखिएको हुँदा तपसिल बमोजिमका शैक्षिक संस्थाहरुमा क्वारेन्टाईन संचालन/ व्यवस्थापन गर्ने ।

तपसिल :

| क्र.सं. | क्वारेन्टाईन संचालनका लागि तोकिएका शैक्षिक संस्थाको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | खडक स्मृति मा.वि. | टी.न.पा. , वडा नं. १ | |
| २ | हिमालय मा.वि., घिया | टी.न.पा. , वडा नं. ३ | |
| ३ | राष्ट्रिय मा.वि., मनिकापुर | टी.न.पा. , वडा नं. ५ | |
| ४ | राष्ट्रिय मा.वि., बेलुवा | टी.न.पा. , वडा नं. ६ | |
| ५ | कर्णाली मा.वि. सत्ति | टी.न.पा. , वडा नं. ७ | |
| ६ | त्रिभुवन मा.वि., बटनपुर | टी.न.पा. , वडा नं. ७ | |

- चेक जाँचका क्रममा आर.डि.टि. पोजेटिभ नतिजा देखिएकाहरुका लागि प्रत्येक क्वारेन्टाइनमा निश्चित ब्लक ( कोठा)को व्यवस्था मिलाउने ।
- यदि कुनै व्यक्ति व्यक्तिगत होम क्वारेन्टाईनमा वस्न चाहेमा निजको परिवारको स्वीकृतिमा आवश्यक प्रक्रिया पुरा गरि बस्न सक्ने ।

**निर्णय नं.२ :-** कोभिड -१९ को संक्रमण रोकथाम, नियन्त्रण र उपचारका लागि यस नगरपालिका अन्तर्गत रहेका स्वास्थ्यकर्मि एवं नगरप्रहरी, सवारी चालकहरु परिचालन गरिएको र निजहरु क्वारेन्टाईनहरुमा स्वाव संकलन , व्यवस्थापनमा प्रत्यक्ष रुपमा राती अवेर सम्म खटिई कार्य गर्नुपर्ने भएको र निजहरुलाई जोखिमको समयमा घर पठाउन थप जोखिम हुने सम्भावना रहेको हुँदा निजहरुलाई आवश्यकता र औतित्यताका आधारमा अलग अलग होटेल वा गेष्टहाउस (क्वाटरमा ) खानपिन सहित बास बस्ने व्यवस्था मिलाउने र उक्त अवधिभरको खर्च रकम नगरपालिका , कार्यपालिकाको कार्यालयबाट भुक्तानी गर्ने ।

रामबहादुर रावल
नगर प्रमुख

**निर्णय न.३ :-** यस टीकापुर नगरपालिकाको चालु आ.व. ०७६/०७७ का लागि स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत वडा स्तरिय कार्यक्रम अन्तर्गत विनियोजित बजेटबाट वडा नं. ९ को वडा समितिको बैठकको निर्णयानुसार संचालन गरिएको देहायको योजना/ कार्यक्रमलाई समर्थन गर्ने ।

तपसिल :

| क्र. सं. | नगर सभाबाट स्वीकृत योजना तथा कार्यक्रम | स्वीकृत बजेट | वडा समितिको निर्णयानुसार संचालित योजना तथा कार्यक्रम | विनियोजित बजेट | कैफियत |
|---|---|---|---|---|---|
| १ | भैपरी आउने चालु खर्च | ८५०७५१५ | टोल बासीलाई मास्क वितरण | ४६६२५ | कोभिड-१९ को संक्रमण तथा जोखिमबाट बच्नका लागि |

टीकापुर नगरपालिका
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

तपेन्द्र बहादुर रावल
नगर प्रमुख

५८ औं कार्यपालिका बैठक